NSW GOVERNMENT

# What do I need to know if I want to appeal a suspension or expulsion?

Parent/carer information

# यदि मेलै निलम्बन वा निष्कासनको अपील गर्न चाहेमा के जान्न आवश्यक छ?

## अभिभावक/हेरचाहकर्ताको लागि जानकारी

### अपील भनेको के हो?

जब तपाईंले एउटा निर्णयलाई पुन: विचार गर्न आग्रह गर्नुहुन्छ, त्यसलाई अपिल भनिन्छ। गरेको निर्णयसँग तपाईं खुसी हुनुहुन्न भने यसो गरिन्छ।

### म कसरी निलम्बन वा निष्कासनको अपिल गर्नसक्छु?

यदि तपाईंलाई प्रधानाध्यापकले गलत निर्णय गरेको वा सही नीति र प्रक्रियाको पालना नगरेको विश्वास लागेमा तपाईंले निलम्बन वा निष्कासन विरूद्ध अपील गर्न सक्नुहुन्छ। विद्यार्थी, अभिभावक र हेरचाहकर्ताहरूले अपील फाराम भर्न सक्नुहुन्छ।

स्थानीय शिक्षा कार्यालयमा अपिलको निवेदन दिन सकिन्छ। स्थानीय शिक्षा कार्यालयले तपाईंलाई यो प्रक्रियाबारे बुझ्न मदत गर्न सक्छ। उनीले तपाईंलाई अपिल लेख्न पनि मदत गर्न सक्छन्। तपाईंको बच्चाको विद्यालयले तपाईंको स्थानीय शिक्षा कार्यालयको सम्पर्क जानकारी उपलब्ध गराउन सक्छ।

अपिल सम्बन्धी निर्णय निर्देशक, शैक्षिक नेतृत्व वा कार्यकारी निर्देशक, विद्यालयको प्रदर्शनद्वारा गरिनेछ र प्रकृया पूरा गर्न १५ देखि २० विद्यालय दिन लाग्ने छ। अपिल गर्दा र निर्णय भएपछि तपाईंलाई सम्पर्क गरिनेछ। यदि तपाईंलाई थप जानकारी चाहिन्छ छ भने अपील गरिएको स्थानीय शिक्षा कार्यालयमा तपाईंले सम्पर्क गर्न सक्नुहुन्छ।

### निलम्बनको अपीलको नतिजा

यदि निलम्बनविरूद्धको अपिललाई समर्थन गरिएमा र निर्णयकर्ता तपाईंको अनुरोधसँग सहमत भएमा, तपाईंको बच्चा छिटोभन्दा छिटो विद्यालय फर्कने निश्चित गर्न प्रिन्सिपलले तपाईंलाई सम्पर्क गर्नेछन्। अपीलको निर्णय तपाईंको बच्चाको रेकर्डमा टिपिनेछ र तपाईंको बच्चाको रेकर्डबाट निलम्बनको कुरा हटाइनेछ।

यदि निलम्बनसम्बन्धी अपिललाई समर्थन गरिएन, र निर्णयकर्ता तपाईंको अनुरोधसँग सहमत हुनुहुन्न भने, तपाईंको बच्चा सहमत गरिएको मितिसम्म निलम्बनमा रहनेछन्।

### निष्कासन अपीलको नतिजा

यदि निष्कासनसम्बन्धी अपिललाई समर्थन गरियो, र निर्णयकर्ता तपाईंको अनुरोधसित सहमत हुनुहुन्छ भने, प्रिन्सिपलले तपाईंसँग सुरक्षासम्बन्धी कुनै पनि गम्भीर चिन्ता समाधान गर्न काम गर्नुपर्ने हुन्छ र तपाईंको बच्चा स्कूलमा फर्कन सकून् भनेर समर्थनका उपायहरू अपनाउनुपर्ने हुन्छ। अपीलको निर्णय तपाईंको बच्चाको रेकर्डमा टिपिनेछ र तपाईंको बच्चाको रेकर्डबाट निष्कासनको कुरा हटाइनेछ।

यदि निष्कासनसम्बन्धी अपील समर्थन गरिएन र निर्णयकर्ताले तपाईंको अनुरोधसँग सहमत हुनु भएन भने, तपाईंको बच्चाको लागि अन्य विभिन्न विकल्पहरू उपलब्ध हुन सक्छन्। प्रधानाध्यापकले तपाईंको बच्चाको आवश्यकता अनुसार उपयुक्त हुने वैकल्पिक व्यवस्था  मिलाउन तपाईंसँग सहकार्य गर्नेछन्।

यदि निष्कासनको अपीललाई समर्थन गरिएन र तपाईंको बच्चा १७ वर्ष वा माथिका छन् भने, तपाईं र तपाईंको बच्चाले अध्ययनलाई निरन्तरता दिन वा रोजगारी तिर जाने विकल्पहरू हेर्न थाल्नुपर्छ।

### मैले विद्यालयबाट के जानकारी प्राप्त गर्न सक्छु?

तपाईंले विद्यालयलाई के भयो र किन भयो भन्ने बारे थप जानकारीको लागि सोध्न सक्नुहुन्छ। विद्यालयले तपाइँलाई कुनै पनि निर्णयको कारण, कारवाही र तपाइँलाई चित्त नबुझेमा के गर्ने भनेर व्याख्या गर्नुपर्छ।

### म कसरी उजुरी गर्नसक्छु?

तपाईंको बच्चाको पक्षमा वकालत गर्ने बारे  जानकारी अभिभावकहरूको लागि उपलब्ध छ। यदि तपाईंसँग अझै पनि निलम्बन वा निष्कासन प्रक्रियासम्बन्धी गुनासो छ भने उजुरी गर्ने बारे को जानकारी पनि उपलब्ध छ।

विद्यालयहरुसँग सम्पर्क गर्ने सम्बन्धी जानकारी स्कुल कम्युनिटि चार्टरमा प्रदान गरिएको छ।

### टेलिफोन अनुवादक सेवा

यदि तपाई विद्यालयमा सम्पर्क गर्न चाहनुहुन्छ र तपाईंलाई अंग्रेजीमा सहयोगको आवश्यकता पर्दछ भने कृपया टेलिफोन अनुवादक सेवालाई 131 450 मा कल गर्नुहोस्, तपाईंलाई कुन भाषा चाहिन्छ बताउनुहोस् र सञ्चालकलाई विद्यालयमा फोन गर्न आग्रह गर्नुहोस्। सञ्चालकले तपाईँको वार्तालापमा सहयोग गर्न लाइनमा अनुवादकलाई उपस्थित गर्नेछन्। तपाईँलाई यो सेवाको लागि चार्ज गरिने छैन।